# सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र
**{ARMED POLICE FORCE WELFARE SERVICE CENTER }**

| | |
|---|---|
| APF (HQ) SMALL | Serial No:- 5860 |
| FROM:- कल्याणकारी सेवा केन्द्र, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक । | DTO:- 399622 |
| TO:- स.प्र.बल मातहत इकाईहरु सबै (बेश क्याम्पहरु समेत) । | Group:- |
| INFO :- स.प्र.म.नि.ज्यूको सचिवालय, विभागहरु सबै, महाशाखाहरु सबै, शाखाहरु सबै, उपशाखाहरु सबै, स.प्र.बल प्र.का. हलचोक, काठमाण्डौ । | IN/OUT:- |

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रबाट दुई ,पांग्रे सवारी साधन किस्तावन्दी ऋणमा उपलब्ध गराउँदै आई रहेको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा समय अनुसार परिवर्तन गरी के कसरी सशस्त्र प्रहरी कर्मचारीहरुलाई कम मूल्य, कम ब्याजदर र छनौट गरेको कम्पनी अनुसारको मोटरसाईकल उपलब्ध गराउन सकिन्छ भन्ने सम्वन्धमा कल्याणकारी सेवा केन्द्रको संचालक समितिको मिति २०६६।११।२७ गते बसेको चौथो बैठकमा छलफल हुँदा हाल सम्म यस केन्द्रले बजाज कम्पनीका मोटरसाईकलहरु एभरेष्ट बैंक लिमिटेडबाट फाईनान्स गरी उपलब्ध गराई रहेको र उक्त बैंकको ब्याज समेत बढ्न गई १३ देखि १६ प्रतिशत हुन पुगेको साथै यसरी अन्य फाईनान्स कम्पनीहरुबाट फाईनान्स गराउँदा सशस्त्र प्रहरी कर्मचारीहरुलाई मोटरसाईकल कम्पनीहरुले दिने नगद छुट समेत प्रयाप्त मात्रामा लिन नसकेको देखिएको छ ।

यस प्रकारको व्यावस्थालाई परिवर्तन गरी कल्याणकारी सेवा केन्द्रमा रहेको मौज्दात रकमलाई सदुपयोग गरी सशस्त्र प्रहरी कर्मचारीलाई ७.७५ प्रतिशत ब्याजदरमा मोटरसाईकल किस्तावन्दी ऋणमा उपलब्ध गराउने र खरीद कर्ताले छनौट गरेको मोटरसाईकल कम्पनीको मोटरसाईकलमा समेत आकंर्षक नगद छुट लिन सकिने देखिएको हुँदा यो योजना लागू भए पश्चात अन्य फाईनान्स कम्पनीहरुबाट भन्दा यस केन्द्रबाट फाईनान्स गराउँदा प्रति मोटरसाईकल रु.११,०००।- देखि रु.२१,०००।- सम्म पूर्ववत् अवस्था भन्दा कम रकममा मोटरसाईकल उपलब्ध गराई सशस्त्र प्रहरी कर्मचारीहरुको अधिकतम हित हुने गरी कार्य योजना लागू गरिएको छ ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले जुन 'तरिकाबाट सशस्त्र प्रहरी कर्मचारीलाई बढी भन्दा बढी लाभान्वित हुने किसिमको कार्य सुरुवात गरेको छ ठिक त्यसै गरी किस्ताबन्दी ऋणको रकम अशुलउपरलाई पनि बिशेष प्राथमिकतामा राखिएको छ ।

यस योजनालाई प्रभावकारी तवरले संचालन गर्न कार्यालय प्रमुख, लेखा प्रमुख र स्वयम किस्तावन्दी ऋण लिने सशस्त्र प्रहरी कर्मचारी सजग हुन र यस प्रकारको कार्यलाई सफल एवं निरन्तरता दिनको लागि तत्पर भई कार्य सम्पन्न गर्न अति आवश्यक हुन्छ ।

उक्त कार्य सु-सम्पन्न गर्नको लागि निम्न मापदण्ड तथा बिशेष निर्देशन तयार गएिकोछ :-

क. **बजेट व्यवस्थापन, खरीद प्रक्रिया :**

१. यस योजनालाई आवश्यक पर्ने बजेट सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रमा रहेको मौज्दात रकमबाट व्यवस्था गरिनेछ ।

२. कुन कम्पनीको कुन ब्राण्डको मोटरसाईकल खरीद गर्ने हो खरीद कर्ताले छनौट गरे पश्चात यस सेवा केन्द्रले पत्र लेखी मोटरसाईकल कम्पनीमा पठाउने छ र उक्त मोटरसाईकलको बिल सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको नाममा काटीने छ । सो मोटरसाईकल यस केन्द्रले नगदमा खरीद गर्ने भएकोले नगद छुट समेत खरीद कर्ताले नै प्राप्त गर्ने छन् ।

३. मोटरसाईकल कम्पनीहरुले उपलब्ध गराउने मोडेल अनुसारको नगद छुटको विवरण सम्वन्धि आवश्यक जानकारीको लागि यस केन्द्र सम्पर्क गर्न सकिनेछ ।

Bike Latter

४. यसरी प्राप्त विलको ३० प्रतिशत रकम खरीद कर्ताले अग्रिम यस केन्द्रमा भुक्तानी गर्नु पर्ने छ बाँकी रकम निजलाई यस केन्द्रले गरिएको सम्झौता मुताविक सेवामा कार्यरत रहदा पाउँने कुनै पनि किसिमको सुविधाबाट अशुलउपर गर्न सक्ने किसिमको हुनेछ।

५. किस्तावन्दी ऋणमा उपलब्ध गराएको मोटरसाईकल कल्याणकारी सेवा केन्द्रको नाममा नामसारी गरी ऋणीमा खरिदकर्ताको नाम उल्लेख गरिने छ ।

६. किस्ता पूरा भए पश्चात सम्वन्धित खरिदकर्ताको नाममा एकलौटी नामसारी गरिने छ।

ख. **किस्ता अशुल प्रकिया :**

१. यो योजना सशस्त्र प्रहरी कर्मचारीहरुको ह्कमा मात्र लागू हुने र उक्त किस्ताबन्दी ३६ महिने हुने छ। निजहरुले पाउने मासिक तलब भत्ता लगायतका सम्पूर्ण सुविधाहरु सम्वन्धित कार्यालयको लेखा शाखा मार्फत बुझ्ने भएकोले लेखा शाखा प्रमुखले अनिर्वाय रुपमा किस्ता कट्टी गरी यस केन्द्रमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

२. कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरुले तिर्न पर्ने किस्तावन्दी ऋणमा लिएको तर तलब भत्ता कट्टी गर्न आलटाल गरेमा सोको लिखित जानकारी यस केन्द्रमा नदिए सम्म दायित्व कार्यालय प्रमुख र लेखा शाखामा काम गर्ने लेखा प्रमुखको मानिनेछ भने ढिला गरे वापत चालु किस्ताको १ (एक) प्रतिशत हर्जाना समेत सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीबाट लिईने छ।

३. किस्तावन्दी वापतको रकम प्रत्येक महिनाको ७ गते भित्र यस केन्द्रमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ। त्यसो नगरी ढिलाई हुन गएमा ढिला भए वापत चालु किस्ताको १ प्रतिशत हर्जना लेखा शाखामा काम गर्ने कर्मचारीले व्यहोर्नु पर्ने छ।

४. किस्तावन्दी नतिरे वा किस्तावन्दी ऋण लिई भागी गएमा निजले प्राप्त गर्ने औषधी उपचार, उपदान र विदाको रकमबाट अशुल उपर गरिने गरि सम्झौता ग्ररिनेछ।

५. सम्पूर्ण सशस्त्र प्रहरी बलका कार्यालयहरुले सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा छाडी जादा पाउने सुविधा कल्याणकारी सेवा केन्द्रको लिखित फरफारक पछि मात्र दिनु पर्नेछ यदि लिखित फरफारक विना सेवा छाड्ने कर्मचारीको सुविधा उपलब्ध गराएमा सेवा उपब्ध गराउने कार्यालय प्रमुख र लेखा प्रमुखबाट कडाईका साथ अशुल उपर गरी विभागिय कारवाही समेत गरिने छ।

६. कुनै पनि सशस्त्र प्रहरी कर्मचारीहरु सरुवा भई अन्यत्र कार्यालयमा जाँदा साविक कार्यालयले कर्मचारी संचयकोष नम्वरको जानकारी गराए जस्तै किस्तावन्दी ऋणको पनि जानकारी गराउने र सरुवा भएको कार्यालयले समेत सरुवा भई आउने कर्मचारीबाट किस्तावन्दी रकम कट्टी गर्नु पर्ने छ/छैन साविक दरवन्दीसँग लेखापढी गर्ने व्यवस्था मिलाउने।

७. भगौडा वा मृतक भई खाली भएका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा शर्तनामा (सम्झौता)को आधारमा अशुल गर्नु परेमा कपाली तमसुक सरह मानि कारवाही हुन मञ्जुर रहेको इच्छापत्र सरह हुने छ। उक्त कपाली हकवालामा सर्ने समेत ढल्लेख हुने छ।

ग. **किस्तावन्दी ऋण पाउँने अवस्था :**

१. सशस्त्र प्रहरी सिनियर अधिकृतहरुको सेवा अवधि ३ बर्ष पूरा भएको हुनु पर्ने छ।
२. सशस्त्र प्रहरी जुनियर अधिकृतहरुको सेवा अवधि ५ बर्ष पूरा भएको हुनु पर्ने छ।
३. सशस्त्र प्रहरी विल्लादार तथा जवानहरुको सेवा अवधि ८ बर्ष पूरा भएको हुनु पर्ने छ।
४. सशस्त्र प्रहरी परिचरको सेवा अवधि १० बर्ष पूरा भएको हुनु पर्ने छ।
५. कुनै पनि प्रकारका अन्य सामानहरुको किस्तावन्दी ऋण लिएको भए चुक्ता नभए सम्म दोश्रो किस्तावन्दी ऋणको सुविधा पाउँने छैन।
६. किस्तावन्दी ऋण कार्यक्रममा पटक पटक किस्ता बुझाउन ढिलाभएको रेकर्ड भएमा किस्तावन्दी ऋण दिईने छैन।

घ. **संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

१. नेपाली नागरीकताको प्रमाण पत्र

२. संचय कोष परिचय पत्र ।
३. सशस्त्र प्रहरी बलको कर्मचारी परिचय पत्र ।
४. सवारी चालक अनुमति पत्र । (परिक्षण अवधि पूरा भएको)
५. पासपोर्ट साईजको २ प्रति फोटो ।
६. तीनपूस्ते विवरण । (कार्यालय प्रमुख वा प्रशासन शाखा प्रमुखबाट प्रमाणित भएको)
७. सम्बन्धित कार्यालय प्रमुखको सिफारिस (बिल्लादार, जवान र परिचरहरुलाई सिफारिस गर्दा आर्थिक अनुशासन कायम गर्न सक्ने र पारिवारिक अवस्थालाई असर नपार्ने व्यक्तिको पहिचान गरि सिफरिस गर्ने) ।

ङ **खरीद गर्न सकिने मोटरसाइकलका कम्पनीहरु :**

१. बजाज कम्पनीका सम्पूर्ण मोडेलहरु ।
२. यामाहा कम्पनीका सम्पूर्ण मोडेलहरु ।
३. होण्डा कम्पनीका सम्पूर्ण मोडेलहरु ।
४. हिरो होण्डा कम्पनीका सम्पूर्ण मोडेलहरु ।
५. टि.भि.एस.कम्पनीका सम्पूर्ण मोडेलहरु ।

च. **बिशेष निर्देशन :**

१. मोटरसाईकल कल्याणकारी सेवा केन्द्रको नाममा सुरु नामसारी गर्दा, बार्षिक रुपमा लाग्ने कर तथा ऋण चुक्ता भए पश्चात नामसारी गर्न लाग्ने दस्तुर सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीहरुले ब्यहोर्नु पर्ने छ ।
२. बिमा सम्बन्धि विद्यमान नेपाल सरकारको नीति अनुसार अनिवार्य तेश्रो पक्ष विमा, सवारी दुर्घटना बिमा, मोटरसाईकल चालक तथा सवारकर्ताको बिमा अनिवार्य रुपमा गर्नु पर्नेछ जसको लागि लाग्ने रकम सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले नै ब्यहोर्नु पर्नेछ ।
३. यस प्रकारको बिमा एक बर्षको लागि मात्र गरिने भएको हुनाले खरीद गर्दा, बाह्रौ किस्ता, चौविसौ किस्ता र छत्तीसौ किस्तामा बिमा रकम तथा प्रत्येक आर्थिक बर्षको अन्त्य सम्ममा सवारी कर बुझाउनु पर्ने छ ।
४. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रबाट गरिएको सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको १ बर्षे निर्जीवन दुर्घटना विमा तथा माथि उल्लेखित बिमा दुवैको लागि बिमादावी गर्दा सक्कल विल भरपाई आवश्यक पर्ने हुँदा दुर्घटना पर्न गएमा आवश्यक पर्ने बिल भरपाई लगायतका कागजातहरु संक्कलै दुरुस्त राख्नु पर्नेछ ।
५. कुनै पनि प्रकारले सशस्त्र प्रहरी कर्मचारीहरुले सेवा छाडी पाउने सुविधा सम्बन्धि लेखापढी गर्दा निबृत्तिभरण उप-शाखाले यस केन्द्रबाट दिईएको लिखित फरफारक पत्र अनिवार्य लिनु पर्ने छ । उक्त पत्रको जवाफको बोधार्थ निज सशस्त्र प्रहरी कर्मचारीको सम्बन्धित सेवा छाडेको कार्यालयलाई उपलब्ध गराईने छ ।
६. मोटरसाईकल खरिदकर्ताले किस्तावन्दीको निर्धारित समय अवधि भन्दा अगावै ऋण चुक्ता गरी मोटरसाईकल आफ्नो नाममा नामसारी गर्न चाहेमा बाँकी रहेको किस्तावन्दी ऋणको साँवा मात्र चुक्ता गरी नामसारी गर्न सकिने छ ।

सम्पूर्ण स.प्र.क.हरुले यस किसिमका योजना लागू गर्न बिषेश सहयोग गर्नु हुनेछ । कार्यान्वयन गर्नु पर्ने कार्यालय प्रमुख एवं लेखा प्रमुखले बिषेश प्रकारको सहयोग गरी त्रुटी रहित ढङ्गले सफल बनाई यस प्रकारको आगामी योजना ल्याउनलाई उत्साहीत बनाउनु हुनेछ भन्ने अपेक्षा स.प्र.बल कल्याणकारी सेवा केन्द्रले लिएको छ भने यो योजनालाई अझ प्रभावकारी एवं परिणाममुखी बनाउन समयानुकुल सुझाव र सहयोगको लागि सेवा केन्द्र सदैव कृतज्ञ हुनेछ ।

२०६७/०२/३१

| Degree of Priority<br>Originator's Instruction | Originator,s Signarture<br>(With Rank) | T.H.I. | | | |
|---|---|---|---|---|---|
| | | | Date & Time | System | Operator |
| | | IN | | | |
| Reg. No. | | OUT | | | |